## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ३० मिति : २०७७/१२/३१

**भाग-२**

**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७७/१२/३१

## बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७७

**प्रस्तावना :** नगरपालिकामा रहेका बालविवाहजस्ता कुप्रथाहरुको अन्त्य गर्ने कार्यक्रमहरु संचालन गर्न खर्च सम्वन्धी कार्यविधि, २०७७ चौरजहारी नगर कार्यपालिकाले जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम **"बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७७"** रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

**(क)** **"स्थानीय तहको बालअधिकार समिति"** भन्नाले बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

**(ख)** **"मन्त्रालय"** भन्नाले महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

**(ग)** **"राष्ट्रिय बालअधिकार परिषद"** भन्नाले बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

**(घ)** **"बालकल्याण अधिकारी"** भन्नाले बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ वमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

**(ङ)** **"बालविबाह"** भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।

**(च)** **"विभाग"** भन्नाले महिला तथा बालवालिका विभाग सम्झनुपर्दछ ।

चौरजहारी नगरपालिका

(छ) **"स्थानीय तह"** भन्नाले चौरजहारी नगरपालिका सम्झनुपर्दछ ।

## परिच्छेद २

## कार्यक्रम संचालन र उद्देश्य

३. **कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चित गर्ने ।

३. बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

चौरजहारी नगरपालिका

**४. कार्यक्रम संचालन :**

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

२. बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका बालवालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने ।

३. बालविवाह विरुद्ध सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी बालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।

५. बालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा बालक, किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद ३

## खर्च र लेखापरिक्षण

**५. खर्च र लेखापरीक्षण:**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनुपर्नेछ ।

**६. प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्नेछ ।

## परिच्छेद : ४

## विविध

**७. विविध:**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा बालविबाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

**आज्ञाले,**
नाम : रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत